१. भौतिक पूर्वाधार विकासः
सडक सञ्जालः

- संघीय सरकार र प्रदेश सरकारको बजेटबाट निर्माणाधीन बहुवर्षीय सडकहरूलाई सम्पन्न गर्न पहल गर्नेछु।
- मध्य पहाडी लोकमार्ग अन्तर्गतको चखेवा- दिक्तेलको बाँफे खण्डको कच्ची सडकलाई अविलम्ब कालोपत्रे गर्न पहल गर्नेछु।

- कोशी राजमार्गको वैकल्पिक राजमार्गको रुपमा चतरा चुहार-घोरेटार भोजपुर-दिङ्ला सत्तिघाट संखुवासभा जोड्ने सडक निर्माण कार्यलाई अगाडि बढाउन पहल गर्नेछु।
- टक्सार एयरपोर्टदेखि सिक्तेल गुम्बा दलगाउँ भुल्के ओखे धोदलेखानी पामाखाम सडकलाई कालोपत्रे सडक बनाउन पहल गर्नेछु।
- भोजपुर टक्सारदेखि कोटडाँडा पिखुवा हुँदै डडुवासम्मको सडकलाई कालोपत्रे बनाउन पहल गर्नेछु।
- आरीखोला आमचोक बालाङ्खा सडकलाई कालोपत्रे बनाउन पहल गर्नेछु।
- रानीटार पाङ्चा बालाङ्खा सडक खण्डलाई कालोपत्रे बनाउन पहल गर्ने।
- जोशीडाँडादेखि तुर्केपुलसम्मको सडक खण्डलाई कालोपत्रे बनाउन पहल गर्नेछु ।
- सिक्तेल गुम्बादेखि कोट गोगने हुँदै पान्धारे जोडने कालोपत्रे सडकको लागि पहल गर्नेछु।
- आमचोक चखेवा हुँदै सोलु जोड्ने सडक निर्माण कार्यलाई अगाडि बढाउन पहल गर्नेछु।
- सुनबालुवा-घोरेटार पुर्णेडाँडा बयाङ हुँदै आम्चोक जोड्ने सडकलाई कालोपत्रे सडक बनाउन पहल गर्नेछु।
- हिले भञ्ज्याङ बोया दिङ्ला सडकलाई कालोपत्रे बनाउन पहल गर्ने।
- जरायोटार सिक्रेटार सडक कालोपत्रे बनाउन पहल गर्ने।
- अरुण गाउँपालिकाको बन्चरे चरम्बी प्याउली याङपाङ हुँदै भ्याउपोखरी जोड्ने सडकलाई अगाडि बढाउन पहल गर्ने।
- सुन्तले बाघखोरदेखि सुम्लिखा पाङखाङ रिमचिम सेतीबगर दोभान जोड्ने सडकलाई स्तरोन्नति गर्न पहल गर्नेछु।
- कुलुङ चौकीडाँडा दोभाने साल्पा हुँदै खोटाङ जोड्ने सडकलाई स्तरोन्नति गर्न पहल गर्नेछु।
- तालखर्क बिरौटा हुँदै साकेचुङ खाटाम्मा जोड्ने सडक ट्रयाक ओपन र स्तरोन्नति गर्न पहल गर्ने छु।
- कुदाककाउलेदेखि कात्तिकेघाटसम्मको सडकलाई स्तरोन्नति गर्न पहल गर्नेछु।
- चुहारदेखि हैखराङ हुँदै दुम्माना आम्चोक सडकलाई स्तरोन्नति गर्न पहल गर्नेछु।
- हसनपुर ज्यामिरे कोल्टार मचुवा हुँदै कोप्चे जाने सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- दिङ्ला खार्ताम्छा कुदाककाउले सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- भ्याउपोखरी दिङ्ला सडकलाई स्तरोन्नति गर्न पहल गर्नेछु।
- भिरथाप्ला बिहिबारे पित्तिम सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- प्याउली याकु भोर्लाबोटे सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- हिलेभञ्ज्याङ चम्पे याङपाङ कुडुले सडक स्तरोन्नति गर्न पहल गर्ने।
- बासीखोरा बाक्चाखा बयाङ पावला दुम्माना सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- होमताङ सोयादेखि पिप्ले हुँदै हसनपुर चुहार जोड्ने सडक स्तरोन्नतिको लागि पहल गर्नेछु।
- राधुन कावाखोला बाहुराङ खोक्सिक सडक निर्माणको कामलाई सुरु गर्न पहल गर्नेछु।
- दुम्माना जोगेपाथर सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- आम्तेकदेखि यलम्बरचौक हुँदै पौवादुङमा जोड्ने सडक स्तरोन्नतिको लागि पहल गर्नेछु।
- भोजपुर पारपानीफेदी कावादोभान हुँदै सुनबालुवा जोड्ने सडक निर्माणको लागि पहल गर्नेछु।
- पुरानो डबलीदेखि तल्लो मोहरिया जाने सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- भोजपुर नपा- ७ जिरोप्वान्टबाट पोखरे हुँदै आम्तेक जोड्ने सडक, जिल्ला अस्पतालबाट दुम्सिका जोड्ने सडक र भोनपा- ९ पानी ट्याङ्कीबाट हेमराज कोइराला मार्ग हिटीधारा पोखरे घट्टेखोला जोड्ने सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- तिम्मा सुम्लिखा तिनतले सडक स्तरोन्नतिको लागि पहल गर्नेछु।
- कुदाककाउले गुफाडाँडा हुँदै खोटाङ जाने सडकको स्तरोनति गर्न पहल गर्नेछु।
- दिङ्ला खार्ताम्छ कुदाककाउले सडक स्तरोन्नति गर्न पहल गर्नेछु।
- चेवाबेशी कार्तिकेपुल नेपालेडाँडा कुदाककाउले सडक स्तरोन्नति गर्न पहल गर्नेछु।

- भोजपुर आम्तेक राङभाङ्गे तिलाहार औलिया हुँदै बास्तिम मानेडाँडा जोड्ने सडक स्तरोन्नति गर्न पहल गर्नेछु ।
- पौवादुम्मा मानेडाँडा हुँदै पिखुवा दोभान जोड्ने सडक स्तरोन्नति गर्न पहल गर्नेछु ।
- पालिका केन्द्र र वडा केन्द्रसम्मको सडकहरूलाई हिउँद-वर्षा चल्ने सडकको रुपमा स्तरोन्नति गर्न संघ, प्रदेश र स्थानीय पालिका सरकारसँग समन्वय गरी कार्य गर्न पहल गर्नेछु ।

सडकपुलहरू:

- अरुण नदीमा संघीय सरकारको बजेटबाट निर्माणाधीन धनकुटा भोजपुर हतुवागढी जोड्ने सुनबालुवा अरुण नदी पक्कीपुल, दूधकोशी सुनकोशीमा निर्माणाधीन उदयपुर चौडण्दी रानीटार र भोजपुर आमचोक पाङ्चा जोड्ने रानीटार पक्कीपुल र प्रदेश सरकारको बजेटबाट निर्माणाधीन उदयपुर बेलका र भोजपुर हतुवागढी जोड्ने हसनपुर चुहार पक्कीपुल निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखी सम्पन्न गर्न पहल गर्नेछु ।
- नयाँ सडक पुलहरू भोजपुर षडानन्द-संखुवासभा जोड्ने सत्तीघाट पक्कीपुल, हेलुवा बैंसी पक्की पुल, तुम्लिङटार जोड्ने तुर्के पक्की पुल, पौवादुङमा अँधेरीघाट अरुण पक्की पुल, हतुवागढी मचुवाटार धनकुटा अखुवाटार अरुण नदी पक्की पुल, जोगेपाथर दूधकोशी पक्कीपुल, दूधकोशी मँयुङटार किनुवा पक्कीपुल, अरुण कुडुले घाट पक्कीपुल, साल्पासिलिछो बेङखुवाखोला, इन्द्रावती, थुमलुङ, माथिल्लो फेदी र ओखेमा पक्की पुल, षनपा- ३ श्यामखोला र चिर्खुवामा पक्कीपुल, तिम्मा बंखुवा खोला, अरुण याङ्वा खोला फेदी, भोजपुर नपा घट्टेखोला दुम्सिका जिमी गाउँ जोड्ने पक्कीपुल, लब्सीबोटे कावाखोला, देवन्टार डुम्रे हसनपुर पैरे, पावला दुम्माना एखुवाखोला, बेहेरे सिरान कटुन्जे कन्यदह र धोदलेखानी भालेढुङगा बैकुण्ठे जोड्ने पक्कीपुललगायत बाँकी आवश्यक पुलहरूसमेतको आवश्यक अध्ययनसहित निर्माण कार्यलाई अगाडि बढाउन पहल गर्ने ।
- अरूण करिडोर सडकसँग जिल्लालाई जोड्ने गरी पिखुवा करिडोरको संभाव्यता अध्ययन गरी आयोजना सञ्चालन गर्न पहल गर्नेछु ।
- सडकमा ट्राफिक व्यवस्थापनसहित बत्ती, लेन मार्किङ र सडक सुरक्षाको व्यवस्थापनका लागि जोड दिनेछु ।
- आवश्यक झोलुंगेपुलहरू सबै बनाई सक्नेगरी पहल गर्नेछु ।

२.सहरी विकास तथा बस्ती व्यवस्थापनः-

- टक्सार बजारको पुरानो ऐतिहासिकता झल्कने गरी सम्पदायुक्त सुन्दर बजारको रुपमा विकास गर्ने कार्यका लागि आवश्यक पहल गर्नेछु ।

- मध्यपहाडी पुष्पलाल राजमार्गसँग जोडिएका मुख्य बजारकेन्द्रहरू र सबै पालिका केन्द्रमा रहेका मुख्य बजारहरूको ढल निकास तथा व्यवस्थापनसहित व्यवस्थित बजारको रुपमा विकास गर्न आवश्यक पहल गर्नेछु ।
- छरपष्ट र जोखिमयुक्त बस्तीहरूको व्यवस्थापन गर्दै एकीकृत बस्ती निर्माण तथा व्यवस्थापनका लागि आवश्यक अध्ययनको काम थालनी गर्नेछु ।
- एक पालिका केन्द्र एक सभा भवन बनाउन पहल गर्नेछु ।

३.कृषि तथा वन पैदावरः

- किसानमुखी कृषि नीति निर्माण गर्ने कुराको अगुवाइ गर्नेछु । कृषि पेशा र व्यवसायमा जोड दिँदै कृषिका लागि सिँचाइ सुविधा, मल बीउबिजनको उपलब्धता, प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराई कृषि उत्पादनबाटै घर घरमा आम्दानी र घर घरमा आत्मनिर्भर र रोजगारी सृजना गर्दै जिल्लामा समृद्धि भित्र्याउने कुराको अगुवाइ गर्नेछु ।
- किसानहरूका लागि ठूलो समस्याको रुपमा रहेको बाँदर आतंकलाई नियन्त्रण गर्न बाँदर मार्ने वा पाल्ने र मासु निर्यात गर्ने व्यवस्थाका लागि आवश्यक कानुन निर्माण गर्न पहल गर्नेछु ।
- उच्च मूल्यका खाद्यान्न, फलफूल, जडिबुटी, चिया, कफी, अलैंची अदुवा, रुद्राक्ष, बोधिचित्तलगायतको उत्पादनमा विशेष जोड दिँदै आवश्यक नीति बनाउन पहल गर्नेछु ।
- घरबुना कपडा खाडी, कोकटी, अल्लो खेतीलाई व्यावसायिक बनाउँदै बजारीकरणको लागि पहल गर्नेछु ।
- मध्ये पहाडी राजमार्ग केन्द्रित एक सुविधा सम्पन्न कृषि उपज संकलन केन्द्र (चिस्यान केन्द्रसहित) बनाउन पहल गर्नेछु ।
- चतरा, रानीटार, लेगुवा, दिङ्लालगायतका व्यापारिक नाकाहरूमा कृषिजन्य उत्पादित वस्तुहरूको संकलन केन्द्र स्थापना गर्न पहल गर्नेछु ।
- गाँजाको व्यावसायिक खेती गर्नका लागि विद्यमान कानुन संशोधन गर्न पहल गर्नेछु ।

४. शिक्षा र मानव संसाधनः-

▪ शिक्षक तथा सरोकारवालाहरूसँग भएको विगतका सम्झौताहरूको आधारमा नयाँ संघीय शिक्षा/विद्यालय शिक्षा ऐन जारी गर्दै महलका विद्यार्थी र झुपडीका विद्यार्थीको शिक्षाको गुणस्तरमा एकरुपता ल्याउन पहल गर्ने गर्नेछु।

▪ नेपाल सरकारबाट हाल व्यवस्था गरेको शिक्षकहरूको स्थानीय भत्ता तुरुन्त निकासा दिन र स्थानीय भत्ताबाट वञ्चित शिक्षकहरूलाई उपलव्ध गराउन पहल गर्ने छु।

▪ राहत, साविक उ.मा.वि., ईसिडी, विद्यालय कर्मचारीलगायतको दरबन्दी, स्थायित्व र सेवा सुरक्षाको ग्यारेण्टी गर्न शिक्षा ऐनमा पहल गर्ने छु।

▪ विभिन्न कारणले अभिभावक गुमाउन परेका अनाथ बालबालिकालाई निःशुल्क छात्रवृत्तिको व्यवस्थाका लागि पहल गर्ने छु। साथै हाल प्राप्त हुँदै आएको छात्रवृत्तिलाई पुनरावलोकनका लागि पहल गर्ने छु।

▪ तीनवटै सरकारको सहकार्यमा प्राविधिक धारको शिक्षालाई उच्च प्राथिमकतामा राखेर संचालन गर्न पहल गर्नेछु।

▪ हरेक पालिकामा एक आवासीय नमुना विद्यालय निर्माण गर्न सहकार्य गर्नेछु।

▪ दिवा खाजा कार्यक्रमलाई विद्यालय शिक्षक, कर्मचारी र सबै विद्यार्थीलाई व्यवस्था गर्न पहल गर्नेछु।

▪ कुलुङ क्याम्पस, षडानन्द क्याम्पस र अरूण बहुमुखी क्याम्पसलाई स्तरोन्नति र स्थायित्वका लागि र भोजपुर बहुमुखी क्याम्पसलाई भौतिक पूर्वाधार सम्पन्न गर्दै थप नयाँ विषय र विज्ञान तथा कृषि संकाय सञ्चालनका निम्ति सम्भाव्य अध्ययन गराई सञ्चालनमा ल्याउन पहल गर्नेछु।

▪ हतुवागढी घोरेटारस्थित सगरमाथा माविलाई स्नातकसम्मको अध्ययन सुरु गरी उच्च शिक्षा अध्ययनको केन्द्र बनाउन पहल गर्नेछु।

▪ योगमाया आयुर्वेद विश्वविद्यालयलाई पूर्वाधारयुक्त बनाउँदै जिल्लावासीलाई धेरैभन्दा धेरै लाभान्वित बनाउन पहल गर्नेछु।

▪ सुम्निमा बहुप्राविधिक शिक्षालय र राममिथिला बहुप्राविधिक शिक्षालयमा नर्सिङलगायत थप प्राविधिक शिक्षाहरू सञ्चालनका लागि व्यवस्था गर्दै उत्तरी क्षेत्रमा एक प्राविधिक शिक्षालय स्थापना गर्न पहल गर्नेछु।

▪ रैथाने ज्ञान परम्परा र सीप एवं प्रविधिलाई मूलधारको शिक्षामा समावेश गराउन आवश्यक पहल गर्नेछु।

५) स्वास्थ्य र सरसफाइः-

▪ जिल्ला अस्पताललाई गुणस्तरीय उपचार सेवाका लागि थप सुविधा र आधुनिक उपकरणको जडान गरी सेवालाई प्रभावकारी बनाउन पहल गर्नेछु।

▪ पालिका तहमा बनेका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा तत्काल आधुनिक उपकरण, दक्ष जनशक्तिसहितको सेवा सञ्चालन गर्न पहल गर्नेछु।

▪ सबै वडा तहका स्वास्थ्य चौकी र वर्थिङ्ग सेन्टरहरूलाई दक्ष जनशाक्ति र उपकरणयुक्त बनाई सेवा प्रवाह गर्न पहल गर्नेछु।

▪ स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न पहल गर्ने छु।

▪ महिलाको पाठेघरको मुख क्यान्सरको निःशुल्क उपचारको व्यवस्था गर्न पहल गर्न छु।

▪ आपङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन, सशक्तीकरण र स्वास्थ्योपचार र सहयोगी सामग्रीहरूको उपलब्धता र व्यवस्थापनलाई निरन्तरता दिन पहल गर्नेछु।

▪ बजार क्षेत्रहरूको फोहोर व्यवस्थापनका लागि रिसाइकल तथा प्रशोधन केन्द्रहरू स्थापनाको निम्ति पहल गर्नेछु।

६.युवा तथा खेलकुद र स्वरोजगारः-

▪ जिल्लामा एक खेलकुद एकेडेमी निर्माण गर्न पहल गर्नेछु।

▪ जिल्ला सदरमुकामको रंगशालालाई बिस्तार तथा स्तरोन्नति गर्दै मध्यपहाडी राजमार्गसँग जोडिएका क्रमशः पौवादुम्मा र ट्याम्केमँयु गाउँपालिकामा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण गर्न पहल गर्दै सँगसँगै पालिका केन्द्रहरूमा समेत एक रंगशाला र प्रत्येक वडा केन्द्रहरूमा एक/एक व्यवस्थित खेल मैदान निर्माण कार्य गर्न पहल गर्नेछु।

▪ युवा लक्षित सामूहिक उधमशीलता कार्यक्रम र युवा आत्मनिर्भर कायर्क्रम सञ्चालन गर्न पहल गर्नेछु।

▪ कृषि पर्यर्टन, पर्या-पर्यटन र आईटीको माध्यमबाट युवा लक्षित रोजगारी सिर्जनाको लागि आवश्यक पहल गर्नेछु।

७. खानेपानी तथा सिँचाइः-

▪ संघ र प्रदेश सरकारबाट सञ्चालित खानेपानी तथा सिँचाइ आयोजनाहरूको निर्माण कार्यलाई तीब्रता दिँदै सम्पन्न गर्न पहल गर्नेछु।

▪ तीनै तहका सरकारहरूसँगको सहकार्य र साझेदारीमा एक घर एक धाराको नीति अनुसार सबै प्रविधिको उच्चतम प्रयोग गरी शुद्ध पिउने पानीको प्रबन्ध गर्न पहल गर्नेछु ।

▪ पौवादुङ, बैकुण्ठे मानेभञ्ज्याङ, आमचोक दुम्माना, पाङ्चा, अरुण छामताङ, साल्पा भालुगौडे, षनपा- १ नेपालेडाँडा, खार्ताम्छा, हेलौछा, रिखेटारलगायतमा स्थायी रुपमा खानेपानी समस्या समाधानका लागि पहल गर्नेछु ।

▪ षडानन्द मझुवाबेसी, आम्चोक जोगेपाथर र किनुवा, हतुवागढी
मचुवाटारलगायतमा नदी लिफ्टिङ सिँचाइ आयोजनाको आवश्यक संभाब्यता अध्ययन गरी आयोजना सञ्चालन कार्यसँगै सेरा खोला मसिनेबेंसी सिँचाइ, संखुवा खोला बुङ्लिङटार सिँचाइ, नखुवाखोला पिप्ले सिँचाइ र अन्य स्थानहरूमा सिँचाइ सुविधासहित कृषि सिँचाइको लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी पहल गर्नेछु ।

▪ अन्य सिँचाइ आयोजनाहरूको मर्मत सम्भार, नयाँ आयोजनाहरूको अध्ययन र निर्माण आदि कार्यमा तीनवाटै तहका सरकारहरूसँग समन्वय गरी पहल गर्नेछु ।

८. विद्युतीकरणः-

▪ राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवाको पहुँचमा सबैलाई जोड्दै उज्यालो जिल्ला घोषणा गर्ने पहल गर्नेछु । सँगसँगै विद्युत् सेवालाई नियमित र गुणस्तरीय बनाउन र थप विस्तार गर्न आवश्यक पहल गर्नेछु ।

▪ उपभोक्ताहरूको हितलाई ध्यानमा राखी लिफ्टिङ सिंचाइ र खानेपानीमा लाग्ने विद्युत् महसुलमा विशेष छुट गर्न पहल गर्नेछु ।

▪ गरिब, असहाय तथा सीमान्तकृत वर्गहरूलाई निःशुल्क विद्युत् सेवाका लागि पहल गर्नेछु ।

▪ अरूण जलविद्युत् आयोजनालगायत अन्य जलविद्युत आयोजनाका कारण सिर्जित समस्याहरूलाई समाधान गर्ने र प्रभावित जिल्लावासीहरूलाई अत्यधिक शेयर प्रदान गर्न पहल गर्नेछु ।

९. महिला, बालबालिका तथा सामाजिक सुरक्षाः-

▪ युवा, महिला, दलित, विपन्न, अपांग असहाय र ज्येष्ठ नागिरक केन्द्रित कोषहरू खडा गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पहल गर्नेछु ।

▪ प्रत्येक टोलमा ज्येष्ठ नागिरकको स्वास्थ्य जाँचसहितको भेटघाट केन्द्र स्थापना गर्न आवश्यक पहल गर्नेछु ।

▪ धामी/विजुवाहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने साथै उनीहरूको समयानुकूल पारिश्रमिक निर्धारण गर्न पहल गर्नेछु ।

▪ पुरेत, लामा, पाष्टरजस्ता धार्मिक गुरूहरूको पनि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न पहल गर्नेछु ।

▪ प्रत्येक पालिकामा एक/एक बहुसाँस्कृतिक संग्रहालयहरू स्थापना गर्न पहल गर्नेछु ।

▪ बढ्दो आत्महत्या नियन्त्रण, न्यूनीकरणको निम्ति राष्ट्रिय आयोग गठन गर्न पहल गर्नेछु ।

१०. सूचना तथा संचार प्रविधिः-

▪ द्रूतगतिको इन्टरनेट सेवाको पहुँचमा सबैलाई जोड्न र टेलिफोन टावरहरूको क्षमता वृद्धिमा जोड दिँदै थप टेलिफोन टावरहरूको जडान र गुणस्तरीय सेवाका लागि विशेष पहल गर्नेछु ।

▪ सबै पर्यटकीय गन्तव्य स्थलहरूमा संचार सुविधा तथा द्रुतगतिको इन्टरनेट सेवाको पहुँच पुऱ्याउन पहल गर्नेछु ।

▪ जिल्लास्थित सार्वजनिक स्थल तथा पार्कहरूमा निःशुल्क इन्टरनेट सेवा सुविधाको प्रबन्धका लागि पहल गर्ने छु ।

११. पयर्टन, कला साहित्य भाषा तथा संस्कृतिः-

▪ मुन्दुम पदमार्गलाई थप विस्तार गर्दै नेपालकै आकर्षक पर्यटकीय पदमार्ग बनाउन विशेष पहल गर्नेछु ।

▪ जिल्लाको धार्मिक साँस्कृतिक र प्राकृतिक पर्यटकीय गन्तव्य स्थलहरू मुन्दुम पदमार्ग, साउने मँयुडाँडा, साल्पापोखरी, योगमाया शक्तिपीठ, बालागुरु षडानन्द, हतुवागढी किराँत दरबार, रामप्रसाद राई नारदमुनि स्मृतिपार्क, भोजपुर सिद्धकाली, टक्सार बजार, पौवादुम्मा अरुण डाँडा, च्याङ्गेपोखरी, पञ्चकन्या मन्दिर, सन्तानेश्वर महादेवस्थान, शंकरलुङ थान, अरुण बहुउद्देश्यीय आध्यात्मिक प्रतिष्ठान, बुङ्लिङटार शिवशक्ति भक्ति अवतारधाम, खार्ताम्छा छाङ्गेधाम, हतुवागढी दिमालुङ पार्क, सिलासुत्केरी, आमचोक तीनचुले, सिद्धथान, थामडाँडा गोल्माराजा गोल्मारानी, सेल्मे ट्याम्के, मानेभञ्ज्याङ बेहेरेश्वरधाम, कावाखोला महादेवथान, छिनामखु रसिक झरना, हतुवागढी इन्द्रेणी झरनालगायतको सर्किट बनाई बाह्य तथा आन्तरिक पयर्टकहरूलाई आकर्षित गर्न सबैसँग समन्वय गरी पहल गर्नेछु ।

▪ भोजपुरले जन्माएका कला, साहित्य, भाषा र संस्कृतिका अग्रज र नवस्रष्टाहरूको कदर र सम्मान गर्दै "भाषा कला र संस्कृतिको शान, नवस्रष्टाको कदर, पुर्खा र इतिहासको सम्मान" भन्ने नाराका साथ स्थानीय भाषा साहित्य तथा कला र संस्कृतिहरूको संरक्षण गर्न पहल गर्नेछु ।

▪ भोजपुर जिल्लाको हसनपुरस्थित दूधकोशी र अरुण नदीको संगमस्थल माइबेनी सिम्लेलाई धार्मिक- साहसिक पर्यटकीय स्थलका रूपमा गुरुयोजना बनाई विकास गर्न पहल गर्नेछु ।

- स्थानीय सम्पदा, संस्कृति र पयर्टकीय स्थलहरूको बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा सूचना प्रबाह गरी ग्रामीण पयर्टन विकासमा जोड दिन पहल गर्नेछु ।
- सबै धमार्वलम्बीहरूसँग सम्बन्धित मठमिन्दर, माङ्गखिम, साकेला थान, गुम्बा, चर्चलगायत पुरातात्विक वस्तुहरूको संरक्षण गर्न विशेष पहल गर्नेछु ।

१२) सुशासन प्रवर्द्धनः

- विचाराधीन संघीय निजामती सेवा ऐन, शिक्षा ऐनलगायतका ऐनहरूलाई सरोकारवाला र विज्ञहरूको सुझावका आधारमा पारित गर्न पहल निर्वाह गर्नेछु ।
- मर्यादित, सम्मानित र मूल्य वृद्धिका आधारमा पे-कमिसनको सिफारिसका आधारमा घरेलु तथा निजी क्षेत्रका श्रमिकहरू तथा राष्ट्रसेवक निजामती कर्मचारी, जङ्गी प्रहरी, सेना शिक्षकलगायतको तलब, भत्ता वृद्धि, समायोजन र पुनरालोकनका लागि आवाज बुलुन्द गर्नेछु ।

१३) आर्थिक विकास एवम् उद्यमशीलताः-

- अनौपचारिक उत्पादन क्षेत्र ओगट्ने महिला दिदीबहिनीहरूलाई स्थानीय वित्तीय संस्थाहरूमा खाता खोल्न प्रोत्साहन स्वरुप सीडमनिको व्यवस्था गर्न तीन तहको सरकारसँग समन्वय गर्नेछु ।
- नवप्रवर्तनकारी उद्दम गर्नेहरूका निम्ति स्टार्टअप उद्यम कर्जा प्रभावकारी रुपमा कार्यान्वयनको लागि पहल गर्नेछु ।

१४) पुनर्स्थापना तथा पुनर्बासः-

- वैदेशिक रोजगारबाट स्वदेश फर्की आएकाहरूलाई आफ्नो सीप, तालिम, अनुभव र योग्यताका आधारमा नमुना आयआर्जन क्रियाकलाप गर्न प्रोत्साहन गर्ने नीति तथा कार्यक्रमका लागि तीनै तहका सरकारबीच समन्वय गर्न पहल गर्नेछु ।
- समय-समयमा प्राकृतिक प्रकोप -भल, बाढी, पहिरो, आगलागी, भूकम्प) तथा वन्यजन्तु ( बाँदर, दुम्सी, घोरल आदि) बाट विस्थापित हुन परेका समुदायहरूको उचित पुनर्वास तथा पुनर्स्थापनाको पहल गर्नेछु ।

१५) विविधः-

- नेपाली नागरिकताको प्रमाण-पत्र वितरण पालिकास्तरबाट गर्ने गरी अधिकार प्रत्यायोजनको लागि कानुनी व्यवस्थाका लागि पहल गर्नेछु ।
- मालपोतसँग सम्बन्धित कारोबार पालिका स्तरबाट गर्नका लागि कानुनी व्यवस्था गर्न पहल गर्नेछु ।
- कृषि उपज बिक्री वितरण तथा सरकारी कामहरूमा अनाधिकृत बिचौलियापनको अन्त्यको लागि प्रगतिशील कानुन बनाउन पहल गर्नेछु ।

धन्यवाद ।

शेरधन राई
प्रतिनिधिसभा सदस्य उम्मेदवार, भोजपुर
तथा नेकपा (एमाले) केन्द्रीय सचिव